नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

ताहाचल, काठमाडौं, नेपाल

पत्र सं.: ०७७/७८
च.नं.

मिति : २०७७।०५।१०

**विद्युतीय खरिद प्रणाली सम्बन्धमा सार्वजनिक निकाय र बोलपत्र/आशयपत्र/सिलबन्दीदरभाउपत्रदाताहरुलाई अत्यन्त जरुरी सूचना**

मिति २०७७ साउन २६ ( तद्नसार २०२० अगष्ट १०) र भाद्र ४ (तद्नसार २०२० अगष्ट २०) गते प्रणालीमा देखिएको प्राविधिक समस्याका कारण प्रणालीमा डकुमेन्ट डाउनलोड हुन नसकिरहेको हुनाले सम्पूर्ण प्रणाली प्रयोगकर्ताहरुका लागि देहाय अनुसार जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) २०७७ साउन २४ देखि साउन २८ ( तद्नुसार २०२० अगष्ट ८ देखि २०२० अगष्ट १२ ) गतेसम्म बोलपत्र/आशयपत्र/सिलबन्दीदरभाउपत्र खोलुवा भई डकुमेन्ट डाउनलोड हुन नसकेको हकमा अर्को सूचना जारी नभएसम्म खरिद प्रक्रिया स्थगन गर्नुहुन ।

२) सार्वजनिक निकायले बोलपत्र आव्हान गर्न २०७७ साउन २४ देखि साउन २८ ( तद्नुसार २०२० अगष्ट ८ देखि २०२० अगष्ट १२) सम्म प्रणालीमा बोलपत्र/आशयपत्र/सिलबन्दीदरभाउपत्र कागजात अपलोड गरेका भए बोलपत्र/आशयपत्र/सिलबन्दीदरभाउपत्र पेश गर्ने अन्तिम मिति बाँकी भएमा त्यस्ता बोलपत्र/आशयपत्र/सिलबन्दीदरभाउपत्रहरु प्रणालीमा पुनः प्रकाशित गर्नहुन र सार्वजनिक निकायको अनुरोधमा बोलपत्र/आशपत्र/सिलबन्दीदरभाउपत्र पेश गर्ने र खोल्ने मिति तय गर्न प्रणाली व्यवस्थापकबाट सहजीकरण गरिने ।

३) २०७७ साउन २४ देखि साउन २८ ( तद्नुसार २०२० अगष्ट ८ देखि २०२० अगष्ट १२ )गतेसम्म विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ बमोजिम प्रणालीमा दर्ता भएका बोलपत्रदाताहरुले दफा ९ को उपदफा (२) बमोजिम प्रणालीमा अपलोड गरेका कागजातहरु अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुहुन तथा सो अवधिमा बोलपत्र/आशयपत्र/सिलबन्दीदरभाउपत्र पेश गर्न तयारी गरिएको वा पेश भईसकेको तर हालसम्म बोलपत्र/आशयपत्र/सिलबन्दीदरभाउपत्र पेश गर्ने अन्तिम मिति बाँकी भएमा बोलपत्र/आशयपत्र/सिलबन्दीदरभाउपत्रदाताहरुले अनिवार्य रुपमा बोलपत्र/आशयपत्र/सिलबन्दीदरभाउपत्र प्रतिवेदन (Bid Response Document) को परीक्षण गरी आवश्यक भएमा संशोधन तथा परिमार्जन गरी पूनः पेश गर्नुहुन ।

४) मिति २०७७ भाद्र ४ (तद्नुसार २०२० अगष्ट २०) गते देखि प्रणालीमा समस्या आएको कारण उक्त दिन बोलपत्र/आशपत्र/सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति भएका बोलपत्रहरु एवं प्रणाली बन्द भई बोलपत्र पेश गर्न वा तयारी गर्न नसकेका बोलपत्र/आशपत्र/सिलबन्दीदरभाउपत्रहरुका हकमा देहाय अनुसार प्रणाली व्यवस्थापकबाट म्याद थप गरिएको ।

| Sno | Previous Bid Submission/Opening Date | New Bid Submission/Opening Date |
|---|---|---|
| 1 | 2020-08-20 | 2020-08-30 |
| 2 | 2020-08-21 | 2020-08-30 |
| 3 | 2020-08-23 | 2020-08-31 |
| 4 | 2020-08-24 | 2020-08-31 |
| 5 | 2020-08-25 | 2020-09-02 |
| 6 | 2020-08-26 | 2020-09-02 |
| 7 | 2020-08-27 | 2020-09-03 |
| 8 | 2020-08-28 | 2020-09-03 |

...................

( राज कुमार महर्जन )

Office Tel No. 01-4030518
Website: www.ppmo.gov.np
Fax No. 01-4030642
email: info@ppmo.gov.np